CSRC आत्मनिर्भर केन्द्र

कर्मचारी आवश्यकता

सूचना प्रकाशन मितिः २०८३/७/९

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका लागि तपसिलमा उल्लिखित कर्मचारी तथा इन्टर्नको आवश्यकता परेको हुँदा योग्यता पुगेका ईच्छुक व्यक्तिले तलको इमेल ठेगानामा आफ्नो निवेदन र बायोडाटा बुझाउनुहुन अनुरोध गर्दछौं । विस्तृत कार्य विवरण सम्बन्धित पदको कार्य विवरण लिङ्क वा संस्थाको वेबसाइटबाट प्राप्त गर्न सक्नुहुनेछ ।

<u>तपसिल</u>

१. पद/संख्याः कार्यक्रम संयोजक—१ जना

कार्यस्थलः रौतहट

अवधिः १६ नोभेम्बर २०२६ देखि ३१ जनवरी, २०२८ सम्म

आवश्यक योग्यताः

- सामाजिक विज्ञान, कानून, कृषि, ग्रामीण विकास वा सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण;
- कार्यक्रम वा परियोजना व्यवस्थापन, स्थानीय सरकार तथा समुदायमा आधारित संस्थासँग सहकार्य, सहभागितामूलक विकास, ग्रामीण विकास, दलित अधिकार, भूमि र कृषि अधिकार आदि विषयमा कम्तीमा पाँच वर्षको ज्ञान र अनुभव भएको ।

विस्तृत कार्य विवरणका लागि यो लिङ्कमा जानुहोस्: JD of Program Coordinator_Final.pdf

२. पद/संख्याः अनुगमन, मूल्यांकन तथा सिकाई संयोजक—१ जना

कार्यस्थलः लमही, दाङ

अवधिः १० नोभेम्बर २०२६ देखि ३० जुन २०२८ सम्म

आवश्यक योग्यताः

- सामाजिक विज्ञान वा सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी अनुगमन तथा मूल्याङ्कन प्रणाली, तथ्याङ्क सङ्कलन तथा विश्लेषण, डिजिटल डाटा, नेपाली र अंग्रेजी भाषामा प्रतिवेदन लेखन र सञ्चार सीप भएको। दुर्गम तथा विपद् प्रभावित क्षेत्रमा नियमित भ्रमण गर्न सक्ने।
- अनुगमन, मुल्यांकन तथा सिकाई अधिकृत वा संयोजक पदमा कम्तिमा ३ बर्षको अनुभव भएको।

विस्तृत कार्य विवरणका लागि यो लिङ्कमा जानुहोस्: JD_MEAL and CFRM Coordinator_Final.pdf

३. पद/संख्याः NbS (Nature Based Solution) संयोजक—१ जना

कार्यस्थलः लमही, दाङ

अवधिः १० नोभेम्बर २०२६ देखि ३१ जनवरी, २०२८ सम्म

आवश्यक योग्यताः

- प्रकृतिमा आधारित समाधान (NbS) तथा बायो इन्जिनियरिङसम्बन्धी उपायहरूको योजना, डिजाइन, कार्यान्वयन, प्राविधिक सुपरिवेक्षण र गुणस्तर सुनिश्चिततामा प्राविधिक नेतृत्व गर्न सक्ने।
- सिभिल इन्जिनियरिङमा स्नातक तह उत्तीर्ण गरी NbS, बायो इन्जिनियरिङ, पहिरो जोखिम न्यूनीकरण, जलाधार व्यवस्थापनसम्बन्धी क्षेत्रमा कम्तीमा ३ वर्षको कार्यानुभव भएको । सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेकोलाई प्राथमिकता दिइनेछ।

विस्तृत कार्य विवरणका लागि यो लिङ्कमा जानुहोस्: JD_NbS Engineer_Final.pdf

४. पद/संख्याः कार्यक्रम अधिकृत — १ जना

कार्यस्थलः चौकुने, सुर्खेत

अवधिः १६ नोभेम्बर २०२६ देखि ३१ डिसेम्बर २०२७ सम्म (अवधि थप हुन सक्ने सम्भावना)
आवश्यक योग्यताः

- सामाजिक विज्ञान, कानून, कृषि, ग्रामीण विकास वा सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण;
- भूमि अधिकार, सामाजिक परिचालन, पैरवी, मानव अधिकार, स्थानीय सरकार र समुदायमा आधारित संस्थासँग काम गरेको, अनुगमन, अभिलेखीकरण र प्रतिवेदन लेखनमा कम्तीमा तीन वर्षको अनुभव भएको ।

विस्तृत कार्य विवरणका लागि यो लिङ्कमा जानुहोस्ः JD of Program Officer_Final.pdf

५. पद/संख्याः इन्टर्न/स्वयंसेवक—३ जना
कार्यस्थलः भूमिघर काठमाण्डौं र आवश्यकता अनुसारको फिल्ड कार्य
अवधिः १ नोभेम्बर २०२६ देखि ३१ जनवरी २०२७ सम्म (३ महिना)
आवश्यक योग्यताः

- कम्तीमा प्लस टु तह उत्तीर्ण;
- भूमि अधिकारबाट बन्चित परिवारका महिला उम्मेदवारहरूलाई प्राथमिकता दिइनेछ ।

आवेदन दिइसक्नुपर्ने अन्तिम मितिः १६ कार्तिक, २०८३ (२ नोभेम्बर २०२६)
आवेदन पठाउनुपर्ने ईमेल ठेगानाः vacancy@csrcnepal.org
संस्थाको वेबसाइटः www.csrcnepal.org